## तेमाल गाउँपालिका

## “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७६

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी तेमाल गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**२. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

१. सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस तेमाल गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा दफा(७) बमोजिम गठित समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

३. उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

४. उपदफा (३)बमोजिम पेश भएका निवेदनहरु माथि छानविन भई समितिको निर्णय बमोजिम पेश भएका निर्माण व्यवसायी फर्म वा कम्पनिहरुको दर्ता सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम तेमाल गाउँपालिकाको तेमाल गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**३. इजाजतपत्रको अवधि र नवीकरण :**

१. दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

२. उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित तेमाल गाउँपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न तेमाल गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न तेमाल गाउँपालिका वाध्य हुनेछैन ।

३. उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**४. इजाजतपत्रको खारेजी :**

१. देहायको अवस्थामा तेमाल गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको व्यहोरा सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२. उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ। (३) दफा ३ को उपदफा

३. दफा ३ को उपदफा(३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

४. उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा तेमाल गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

**५. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

६. नामसारी वा नाम परिवर्तन भई आएका इजाजत पत्र दर्ता सम्बन्धमाः

घरेलु तथा साना उद्योग कार्यालयबाट उद्योग दर्ता प्रमाण-पत्रमा नामसारी गरेको वा नाम परिवर्तन प्रमाणित गरी पठाइएको प्रमाण-पत्रको आधारमा दफा ७ मा उल्लेखित समितिको छानविनमा इजाजत पत्र दर्ता गर्न सकिनेछ ।

७ इजाजतपत्र दर्ता सम्बन्धी छानविन गरि सिफारिस गर्न गठित समितिः

निर्माण व्यवसायीको इजाजत पत्र दर्ता गर्न परेका निवेदनहरु माथि छानविन गरी सिफारिस गर्न देहायका बमोजिमको समिति रहनेछ ।

१. शाखा अधिकृत- संयोजक

२. सब-इन्जिनियर- सदस्य

३. सूचना अधिकृत- सदस्य

४. लेखा अधिकृत- सदस्य

**८ प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ।

**९ बचाउ :**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

| दरखास्त वालाको फोटो |
|---|

विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।

श्री तेमाल गाउँपालिकाको कार्यालय,

पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक

यस ......................................कार्यालयको कार्यविधि ..........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,

नाम :

ठेगाना :

पोष्ट बक्स :

टेलिफोन नं. : फ्याक्स नं. : इमेल :

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |

| | | |
|---|---|---|
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजरहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था प्रगति प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसूचि -२

कार्यविधि को दफा २ उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

| क.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजत नविकरण दस्तुर | ईजाजतपत्र नविकरण पत्र दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु २०००।- | रु २०००।- | रु २०००।- | रु २०००।- |

दष्टव्यः घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि २०७६ बमोजिम का दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउन ईजाजतपत्र नविकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

अनुसूचि ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

**तेमाल गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक**

**प्रदेश नं. ३, नेपाल**

**मिति ..........................**

**इजाजत पत्र नं.**

**ठेकेदारको वर्गीकरण**

**ईजाजत-पत्र**

**निर्माण व्यवसाय ऐन २०५५ को दफा ४ को उपदफ (३) र निर्माण व्यवसाय नियमावली, २०५६ को नियम ६ को उपनियम (१) बमोजिम निर्माण व्यवसाय गर्न ................................................. स्थित कार्यालय भएको ..............................................................................फर्म वा कम्पनीको ईजाजत-पत्र प्रदान गरिएको छ।**

**(यस वृत्त भित्र कुन वर्ग लेख्नु पर्ने हो सोही लेख्ने)**

**घ वर्ग**

**ईजाजत पत्र दिनेको,**

**दस्तखत :**

**नाम :**

**पद :**

**कार्यालय :**

**मिति :**

**नोट :**

**१. यो ईजाजत-पत्र आर्थिक वर्ष सम्म मात्र बहाल रहनेछ।**

**२. नविकरण गर्ने म्याद तीन महिनाको हुनेछ सो म्याद नाघेको ६ महिनासम्म ईजाजत-पत्र नविकरण दस्तुर १०० % अतिरिक्त दस्तुर लाग्ने छ। म्याद नाघेको छैठौं महिनामा पनि नविकरण नभएमा ईजाजत-पत्र स्वतः खारेज हुनेछ।**

## नविकरण

| क.सं | नविकरण भएको मिति | ईजाजत-पत्र कति सम्म रहने अवधि | ईजाजत दस्तुर भौचर मिति | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूचि-४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण(पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकाय को विवरण | संयुक्त उपक्रम को नाम (यदि भएमा) | सेयर(%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदधिकारि को विवरण | समयवधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | (क)ठेक्का रकम | (क)नामः | (क)थप समय | (Variation)पछिको Contract Amount | (क)सम्पन्न रकम | (अन्तिम ठेक्का रकम) | |
| | | | | | | | | | | | |
| | | | | | (ख)सम्झौता मितिः | (ख)पद | (क)नामः | (क)Variation को निर्णय गर्ने पदाधिकारी को नाम | (ख) सम्पन्न मिति | (ख) सम्पन्न मितिः | |
| | | | | | ………. | ………. | …….. | ………… | ……………. | ………. | |
| | | | | | (ग) ठेक्का अवधि | (ग)हस्ताक्षर | (ख) पदः | (ख)पदः | (ग) सम्पन्न % | | |
| | | | | | ……….. | …………. | ……….. | ……….. | …………. | | |
| | | | | | | (घ) छाप | (ग) हस्ताक्षर | (ग)हस्ताक्षर | (घ) नामः | (घ) नामः | |
| | | | | | | | ……. | ……. | ……. | ……… | |
| | | | | | | | (घ) निर्णय मितिः | (घ) छाप | पदः | पदः | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | ……… | …. | |
| | | | | | | | छाप | ………… | हस्ताक्षर | हस्ता<br>क्षर | |
| | | | | | | | | | ……… | ……. | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | | ……… | …….<br>. | |
| | | | | | | | | | | | |

## अनुसुची-५

### "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) मिक्सर (एक थान)

(ख) Theodolite/Level Machine (एक सेट)

(ग) वाटर पम्प (एक थान)

(घ) भाइब्रेटर (एक थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको मेकानिकल ईन्जिनियरले प्रमाणित गरेकोहुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

लक्ष्मण कुईकेल

प्रमुख प्रशासकीय अधिकृत